DEMOCRACY
RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# मधेश प्रदेश : आन्दोलनदेखि संघीयता कार्यान्वयनसम्म

अंक ६ फागुन २०८०


## सारांश

२०६२–२०६३ को जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानले ‘नयाँ र समातामूलक नेपाल’ को परिकल्पना गरे पनि त्यसमा संघीय संरचना उल्लेख थिएन । मधेशी समुदायले गरेको आन्दोलनपछि संघीय राज्यमा देशको पुनर्संरचना गर्ने व्यवस्था अन्तरिम संविधानमा थपियो । २०७२ मा जारी भएको संविधानअनुसार बनेका सात प्रदेशमध्ये मधेश प्रदेशमा मात्र एकै समुदायको स्पष्ट बहुमत थियो ।

नश्लको आधारमा गरिने भेदभाव अन्त्यका लागि गरिएको मधेश आन्दोलनको सफलतापछि मधेशीको आत्मसम्मान र आत्मविश्वास बढेको छ । पहिचानको आधारमा प्रदेशको नामकरण गर्ने मधेश आन्दोलनको माग थियो । मधेश प्रदेशले पहिचानमा आधारित नाम पनि पायो । तर अधिकार भने अन्य प्रदेशले झैँ मधेशले पनि कमै पाएको छ र संविधानप्रदत्त अधिकार हस्तान्तरणमा पनि संघले आनाकानी गरिरहेको छ । मधेश प्रदेशसभा तथा प्रदेश सरकार आफ्नो संवैधानिक अधिकार प्राप्तिका लागि कानूनी र शान्तिपूर्ण सङ्घर्ष गरिरहेका छन् ।

प्रदेश मन्त्रिपरिषद् र अन्य संरचनाको बनोटमा मधेशको जनसङ्ख्याको अनुपात र समावेशिताको प्रतिविम्ब कमजोर छ । तर समावेशिताको लागि मधेश प्रदेशले गरेका केही प्रयास भने सहानीय छन् । कर्मचारीको अभावका बाबजुद पनि प्रदेश सरकारले विकास निर्माणको कार्य अगाडि बढाएको बताइन्छ । यद्यपि सुशासन र पारदर्शिता कायम गर्न नसकेका उदाहरण धेरै छन् । जनअपेक्षाबमोजिम प्रदेश सरकारले काम गर्न नसकेकाले नागरिकमा निरासा पनि देखिन्छ । साथै एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाले मधेशी नागरिकलाई गरेको विभेद, वञ्चना र तिरष्कारको गहिरो पीडाको अनुभव भएकाले मधेशमा संघीय प्रणालीप्रति नै आसा र भरोसा देखिन्छ ।


## परिचय

नेपालमा संघीयता लागु हुनुको श्रेय मूलतः मधेश आन्दोलनलाई जान्छ । २०६२–२०६३ को जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानले ‘नयाँ र समतामूलक नेपाल’ को परिकल्पना गरे पनि त्यसमा संघीय संरचना उल्लेख थिएन । मधेशी समुदायले त्यसको विरोधमा गरेको आन्दोलनपछि अन्तरिम संविधानमा संघीय राज्यमा देशको पुनर्संरचना गर्ने व्यवस्था थपियो । २०७२ मा जारी भएको नेपालको संविधानले सात प्रदेशसहितको संघीय संरचना स्थापना गऱ्यो । तीमध्ये मधेश प्रदेश मात्र एकै समुदायको स्पष्ट बहुमत भएको प्रदेश थियो ।

संघीय संविधान जारी भएको आठ वर्ष र प्रदेश संरचना स्थापना भएको छ वर्ष पुगिसकेको छ । यस सन्दर्भमा मधेश प्रदेशले के-कस्तो प्रगति हासिल गऱ्यो, आन्दोलनदेखि संघीयता कार्यान्वयन हुँदासम्म मधेशका अपेक्षा के-कति पूरा भए, र प्रदेश कसरी अगाडि बढिरहेको छ भन्ने विषयमा यो विश्लेषण केन्द्रित छ । यसका लागि मधेश प्रदेशका धनुषा, महोत्तरी, सिरहा र सप्तरी जिल्लामा स्थलगत भ्रमण गरिएको थियो र प्रदेशसभा सदस्य, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी र नागरिकसँग संवाद गरिएको थियो । विश्लेषणका क्रममा पूर्व प्रकाशित सामग्रीको समेत सहयोग लिइएको थियो । यस विश्लेषणमा पाँच खण्ड छन् । पहिलो खण्डमा मधेश आन्दोलनको परिवेश र पहिचानबारे चर्चा छ । दोस्रोमा मधेश प्रदेशले संघ सरकारसँग अधिकार प्राप्तिका लागि गरेको संघर्षको लेखाजोखा छ । तेस्रो खण्डमा मधेश प्रदेशले समावेशी सहभागिताका लागि गरेको प्रयास वर्णन गरिएको छ । मधेश प्रदेशको कार्यसञ्चालन र त्यसका चुनौती चौथो खण्डमा छ भने अन्त्यमा मधेश प्रदेशप्रति नागरिकको धारणा र अपेक्षाबारे चर्चा छ ।

### १. मधेश आन्दोलन र पहिचान

लामो समयदेखि तराई/मधेशका नागरिक सामाजिक उत्पीडन, विभेद र बहिष्करणमा पर्दै आएका थिए । त्यसलाई सीके लालले आन्तरिक

उपनिवेशीकरण भनेर चित्रण गरेका छन् । सामाजिक-सांस्कृतिक विभेद, आर्थिक शोषण, प्रशासनिक पक्षपात र राजनीतिक बहिष्करण मधेशमा भएको आन्तरिक उपनिवेशीकरणका विभिन्न रूप हुन् ।[१] माघ १, २०६३ मा जारी भएको अन्तरिम संविधानमा जनआन्दोलनको मर्मअनुसार राज्य पुनर्संरचना गर्नेबारे केही उल्लेख गरिएन । त्यसको विरोध गर्दै काठमाडौंमा मधेशी जनअधिकार फोरम (मजफो) ले शुरू गरेको अभियान क्रमशः बढ्दै तराईभर फैलियो । जातीय तथा क्षेत्रीय विभेदको अन्त्य, जातीय/क्षेत्रीय स्वशासनसहित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधानसभाको लागि समानुपातिक निर्वाचन प्रणाली मधेश आन्दोलनका माग थिए । साथै, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण र राज्यको सबै अङ्गमा मधेशीहरूको समानुपातिक प्रतिनिधित्व पनि मागिएको थियो ।

मधेश आन्दोलनका क्रममा ३९ नागरिक मारिए भने सयौँ घाइते भए । विभिन्न चरणमा वार्ता भएपश्चात् सरकार र मजफोका प्रतिनिधिबीच भदौ १३, २०६४ मा २२ बुँदे सम्झौता भयो । सो सम्झौतामा मधेश आन्दोलनका मृतकलाई क्षतिपूर्ति, घाइते तथा अङ्गभङ्ग भएकालाई राहत तथा उपचारको व्यवस्था, राज्यका सबै संरचनामा मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, महिला लगायतको समानुपातिक प्रतिनिधित्व र साझेदारी आदि सुनिश्चित गरिएको थियो । राज्यको पुनर्संरचनासम्बन्धी आयोग गठन गर्ने र संविधानसभाबाट स्वायत्त प्रदेशको निर्माण गर्ने, सरकारी कामकाज, शिक्षा तथा सम्पर्क गर्दा (मातृभाषा, नेपाली र अङ्ग्रेजी) भाषाको त्रि-भाषीय नीति कायम गर्ने लगायतका बुँदा पनि उक्त सम्झौतामा थिए । तर उक्त सम्झौता कार्यान्वयन गर्न सरकारले चासो नदेखाएको भनी मजफो र सद्भावना पार्टी नेपालले लोकतान्त्रिक मधेशी मोर्चा गठन गरी पुनः आन्दोलनको तयारी गरे । नेपाली काँग्रेसबाट विद्रोह गरी महन्थ ठाकुरले गठन गरेको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) पनि मोर्चामा सामेल भयो । त्यसपछि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नामबाट मधेशमा दोस्रो आन्दोलन भयो । अन्ततः फागुन १६, २०६४ मा नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच ८ बुँदे सम्झौता भयो । सो सम्झौतामा २२ बुँदे सम्झौता कार्यान्वयनलाई नै जोड दिइएको थियो । राज्यका सबै निकायहरूमा मधेशी, आदिवासी, जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रूपले गर्ने पनि यो सम्झौतामा उल्लेख थियो । साथै नेपाली सेनालाई समावेशी बनाउन मधेशी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गर्ने प्रावधान यो सम्झौतामा थियो ।

मधेशी दलहरूले पहिलो संविधानसभामा बलियो शक्तिको रूपमा प्रतिनिधित्व गरेका थिए । मुख्यतः पहिचान सहितको संघीयता कायम गर्ने विषयमा सहमति नभएपछि संविधान जारी गर्न असफल भएर संविधानसभा विघटन भयो । सत्तामा जान हानथाप गर्ने प्रवृत्तिका साथै आपसी वैमनस्य र विग्रहका कारण मधेशी दलहरूले दोस्रो संविधानसभा निर्वाचनमा राम्रो नतिजा निकाल्न सकेनन् ।[२]

दोस्रो संविधानसभाका प्रमुख तीन दल नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) [नेकपा (माओवादी केन्द्र)] का साथै विजय गच्छदारको नेतृत्वको मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) [मजफो (लोकतान्त्रिक)] ले जेठ २५, २०७२ मा १६ बुँदे सहमति गरे । अन्य मधेशवादी दलहरूले यो सहमतिको विरोध गरे । संविधानसभाबाट संविधानको मस्यौदा जारी भएपश्चात् विरोध अझ सघन बन्दै गयो । मुख्यतः तराई/मधेशका २२ जिल्ला समेटेर बढीमा दुई प्रदेश मात्र बनाउने माग मधेशी दलहरूको थियो । तर पूर्वी तराईका आठ जिल्लाको एउटा मात्रै मधेश प्रदेश बनाइयो । त्यसैले असोज २, २०७२ मा संविधान जारी हुँदा मधेशमा भने आन्दोलन चर्किएको थियो । तर संविधान कार्यान्वयनबारे मधेशी दलहरूबीच मतैक्य नहुँदा आन्दोलन विना निष्कर्ष सेलायो ।[३]

मधेश आन्दोलन राज्य सत्तामा समान सहभागिताको लागि मात्र थिएन, उनीहरूमाथि नश्लको आधारमा गरिने रङ्गभेद अन्त्य यसको प्रमुख माग थियो ।[४] पहिलो मधेश आन्दोलनपछि मधेशीको आत्मसम्मान र आत्मविश्वास हलक्कै बढ्यो । राजनीतिक विश्लेषक तुलानारायण साहका अनुसार मधेश आन्दोलनको प्रमुख उपलब्धि भनेकै मधेशीहरूमाथि गरिने हेयपूर्ण व्यवहार र विभेदमा कमी तथा मधेशी पहिचान स्थापित हुनु हो ।[५] केन्द्रीकृत एकात्मक राज्य व्यवस्थालाई संघीय शासन प्रणालीमा लैजानु मधेश आन्दोलनकै देन हो । यस आन्दोलनको लोकप्रिय नारा नै 'अपना प्रान्त अपना शासन, अपनी संस्कृति अपना प्रशासन' भन्ने थियो ।[६] यद्यपि, मधेश आन्दोलनले मागेजस्तो समग्र मधेश एक प्रदेश वा मधेशमा दुई मात्र प्रदेश स्थापना भने हुन सकेन । पूर्वी मधेशका आठ जिल्ला मात्र समेटेर प्रदेशको सीमाङ्कन गरिएको थियो जसलाई प्रदेश नं. २ भनियो ।

[१] हाछेथु, कृष्ण । २०७० । क्षेत्रीय राष्ट्रवाद र मधेशी दल । *मधेश अध्ययन* २(३): २७–४२ ।

[२] पहिलो संविधानसभामा मधेशी दलहरूले ८१ सिट जितेका थिए भने दोस्रो संविधानसभामा ४९ सिट मात्रै जिते ।

[३] उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम, महन्थ ठाकुर नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महत्तो नेतृत्वको सद्भावना पार्टी, महेन्द्रप्रसाद यादव नेतृत्वको तराई मधेश सद्भावना पार्टी, अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टी, राजकिशोर यादव नेतृत्वको मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) र शरदसिंह भण्डारी नेतृत्वको राष्ट्रिय मधेश समाजवादी पार्टी सम्मिलित संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले पहिलो चरणको स्थानीय निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको थियो । तर दोस्रो चरणको स्थानीय तह निर्वाचनमा संघीय समाजवादी फोरमले भाग लियो । मोर्चामा सम्मिलित अन्य छ दल मिलेर राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) निर्माण गरे । त्यसले तेस्रो चरणमा मधेश प्रदेशका स्थानीय तहमा भएको निर्वाचनमा मात्र भाग लियो ।

[४] गौतम, भास्कर । २०६४ । मधेसी विद्रोह : नैराश्यको राजनीति । *मधेश विद्रोहको नालीबेली* । भास्कर गौतम, सं., पृ. १–३६ । काठमाडौँ : मार्टिन चौतारी ।

[५] फागुन १, २०८० मा गरिएको कुराकानी ।

[६] नेपाल, आदित्य । २०८० । अधिकार माग्दै मधेश जागेको बेला । *उकालो*, माघ ५ । https://www.ukaalo.com/news/20240119-memory-of-first-madhesh-movement/14187 मा उपलब्ध; फागुन ११, २०८० मा हेरिएको ।

पहिचानको आधारमा प्रदेशको नामकरण गर्ने मधेश आन्दोलनको माग थियो। प्रदेशको नाम के राख्ने भन्नेबारे प्रदेशसभामा निकै बहस भयो। मिथिला भोजपुरा प्रदेश, जानकी प्रदेश र मध्य मधेश प्रदेश यसका लागि प्रस्ताव गरिएका केही नाम थिए। अन्ततः सातमध्ये प्रदेश नं. २ ले मात्र पहिचानको आधारमा मधेश प्रदेश भन्ने नाम प्रदेश सभाको दुईतिहाइ बहुमतले पारित गऱ्यो। माघ ३, २०७८ मा प्रदेशको नामकरणको लागि डाकिएको बैठकमा प्रदेशसभाका जम्मा १०३ सदस्यमध्ये ९९ जना उपस्थित भए। तीमध्ये प्रस्तावित मधेश प्रदेश नामको पक्षमा ८० जनाले र बाँकी १९ जनाले विपक्षमा मतदान गरे। जनता समाजवादी पार्टी नेपाल (जसपा) र नेकपा (माओवादी केन्द्र) ले संयुक्त रूपमा प्रस्ताव गरेको मधेश प्रदेश नामको पक्षमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) ले पनि समर्थन गरेको थियो। मधेश प्रदेश नामकरण भएको दिनलाई प्रदेश सरकारले स्वाभिमान दिवसको रूपमा मनाउने गरेको छ।

## २. संघ सरकारसँग अधिकारको लागि संघर्ष

मधेश आन्दोलनले माग गरेभन्दा निकै कम अधिकार प्रदेशलाई दिइएको संवैधानिक प्रावधानप्रति मधेशी नागरिक समाज तथा नेताको असन्तुष्टि छ।[७] तर शीर्ष राजनीतिक नेतृत्व तथा संघीय सरकारका उच्चपदस्थ कर्मचारीको केन्द्रीकृत मानसिकताका कारण त्यही सीमित अधिकार पनि प्रदेशले उपयोग गर्न पाएको छैन। प्रदेशमा हस्तान्तरण हुनुपर्ने कार्यालय तथा परियोजना र कार्यक्रम पनि संघीय सरकारले नै लिइरहेको छ। हस्तान्तरण भइसकेका कार्यालय तथा योजना पनि संघले नै फिर्ता लगेका उदाहरण छन्।[८] संघीय सरकारले समयमै ऐन निर्माण नगर्नु र बनेका ऐन पनि कार्यान्वयन नगर्नु प्रदेश सरकारको कार्यसञ्चालनको चुनौती हो।

संविधानप्रदत्त अधिकार प्राप्तिका लागि मधेश प्रदेश सरकार र प्रदेशसभाले संघीय सरकारसँग पटकपटक माग गरेका छन्। मधेश सरकारले संघीय सरकारविरूद्ध आन्दोलन नै गरेको छ। संविधानविपरीत खोसिएका अधिकार प्राप्तिका लागि सर्वोच्च अदालतमा संघीय सरकारविरूद्ध मधेश सरकारले करिब आधा दर्जन मुद्दा पनि दायर गरेको छ। सागरनाथ वन परियोजना र जिल्लाका डिभिजनल वन अधिकृत प्रदेशमातहत हुनुपर्ने, प्रदेश र स्थानीय तहमा समायोजित कर्मचारी प्रदेशले सरुवा गर्न पाउनुपर्ने माग राख्दै ती मुद्दा दायर गरिएको हो। प्रदेश प्रहरी हस्तान्तरण हुनुपर्ने र समृद्ध तराई-मधेश सिँचाइ विशेष कार्यक्रम प्रदेश सरकारमातहत हुनुपर्ने मागसहित मधेश सरकारले दिएका मुद्दा पनि संवैधानिक इजलासमा पुगेका छन् तर तिनको छिनोफानो भने भएको छैन।[९]

मधेश प्रदेश सरकारले असोज २९, २०७५ मा सात प्रदेशमध्ये सबैभन्दा पहिला *प्रदेश प्रहरी ऐन, २०७५* बनायो। तर ऐन निर्माण भएको पाँच वर्ष पुगिसक्दा पनि प्रदेश प्रहरी गठन भएको छैन। संघीय सरकारले *प्रहरी कर्मचारी समायोजन ऐन, २०७६* निर्माण गरे पनि कार्यान्वयनमा चासो देखाएको छैन। संघ सरकारले प्रहरी समायोजन प्रक्रिया अगाडि नबढाइदिनाले प्रदेशले प्रहरी प्रशासन र शान्ति सुरक्षासम्बन्धी अधिकार प्रयोग गर्न पाएका छैनन्। प्रहरी समायोजन प्रक्रिया अविलम्ब शुरु गर्न मधेश प्रदेशसभाले संकल्प प्रस्ताव नै पारित गरेको थियो। साथै तत्कालीन मुख्यमन्त्री लालबाबु राउतसहित मन्त्रिपरिषद्का सदस्यहरू पटकपटक प्रदेश प्रमुखको कार्यालयमा धर्नासमेत बसेका थिए। प्रहरी समायोजन नहुँदै नेपाल प्रहरीले विज्ञापन आह्वान गरेपछि कात्तिक २०, २०७७ मा आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्रकुमार यादवले सर्वोच्च अदालतमा रिट पनि दायर गरेका थिए। तर सर्वोच्च अदालतले विज्ञापन रोक्न र प्रहरी समायोजन गर्न आदेश दिएन। त्यसअघि नै असोज ९, २०७७ मा शान्ति सुरक्षा प्रदेशको एकल अधिकार भएकाले प्रहरीको परिचालन, खटनपटन लगायतका कार्य आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत हुने गरी बन्दोबस्त गर्न तत्कालीन संघीय गृहमन्त्रीलाई मन्त्री यादवले पत्र पनि पठाएका थिए। त्यस्तै अर्का आन्तरिक मामिला तथा कानून मन्त्री भरतप्रसाद साहले पनि ४ फागुन, २०७८ मा यही विषयमा सर्वोच्च अदालतमा रिट दायर गरे। तर त्यसको पनि टुङ्गो लाग्न सकेको छैन। मन्त्री साहले साउन २२, २०७९ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई एक हप्ताभित्र प्रदेश सरकारलाई प्रहरी हस्तान्तरण नगरे शान्तिपूर्ण विरोध गर्ने जानकारी दिँदै ज्ञापन पत्र बुझाए पनि त्यसको कुनै सुनुवाइ भएन।

जसपाका प्रदेशसभा सदस्य रामआशिष यादव संघ सरकारले प्रदेशलाई कमजोर बनाउन चाहेकोले प्रदेशमा प्रहरी समायोजन नगरेको तर्क गर्छन्।[१०] प्रदेशसभा सदस्य रानीकुमारी तिवारीका अनुसार प्रदेशअन्तर्गत प्रहरी नहुँदा प्रहरी प्रशासनसँग सम्बन्धित जनगुनासा र समस्या कानूनी रूपमा सल्टाउन असहज भएको छ। उनले भनिन्, "मेरो निर्वाचन क्षेत्र भारतसँग जोडिएको छ। जनता मसँग सुरक्षासम्बन्धी गुनासो लिएर आउँछन्। तर समस्या समाधानका लागि हामी प्रहरीसँग समन्वय गर्न सक्दैनौँ। प्रहरी प्रदेश सरकारको मातहत नभएकोले सुरक्षा समन्वय गर्न र यस्ता समस्या समाधान गर्न गाह्रो भएको छ।"[११] सिरहा जिल्लाका एक युवाले पनि प्रशासन र शान्ति सुरक्षाको जिम्मा संघीय सरकारअन्तर्गतका प्रमुख जिल्ला अधिकारीसँग भएकाले प्रदेशको शान्ति सुरक्षाको समन्वयमा प्रदेश मन्त्रीको भूमिका नभएको बताए। मधेशका नागरिकले प्रदेश सरकार निरीह बनेको र पहाडी समुदायकै शासन चलिरहेको भन्ने गरेको उनको कथन थियो।[१२]

सर्लाही, महोत्तरी र रौतहट जिल्लामा फैलिएको सागरनाथ वन परियोजनालाई जेठ २२, २०७६ मा बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले प्रदेशबाट संघ मातहत ल्याउने निर्णय गऱ्यो। प्रदेश भित्रका राष्ट्रिय वन प्रदेश मातहत रहने संवैधानिक व्यवस्था हुनाले मधेश प्रदेश सरकारले संघीय सरकारविरूद्ध साउन २३, २०७६ मा सर्वोच्च अदालतमा रिट दायर गऱ्यो। उक्त रिटउपर

[७] नेपाल, आदित्य। २०८०। ८ वर्षदेखि संविधानसँग चित्त दुखाइरहेको मधेश। *उकालो*, असोज २। https://www.ukaalo.com/news/20230919-opinion-from-madhesh-regarding-constitution/10550 मा उपलब्ध; फागुन ११, २०८० मा हेरिएको।

[८] काफ्ले, प्रतिक्षा। २०७९। प्रदेशमा हस्तान्तरण भइसकेका योजना संघमा नै फिर्ता। *कान्तिपुर*, मंसिर २७। https://ekantipur.com/news/2022/12/13/167090959107555201.html मा उपलब्ध; फागुन १२, २०८० मा हेरिएको।

[९] बम, यम। २०७९। पाँच वर्षमा दुई संघीय सरकार, प्रदेशलाई अधिकार दिन दुवैको आनाकानी। *नयाँ पत्रिका*, कात्तिक ३। https://www.nayapatrikadaily.com/news-details/98250/2022-10-20 मा उपलब्ध; फागुन ११, २०८० मा हेरिएको।

[१०] फागुन २, २०८० मा गरिएको कुराकानी।

[११] फागुन ३, २०८० मा गरिएको कुराकानी।

[१२] फागुन ४, २०८० मा गरिएको कुराकानी।

मंसिर २५, २०७६ मा संवैधानिक इजलासले 'सागरनाथ वन परियोजनाको मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म प्रदेशले नै हेर्ने' अन्तरिम आदेश जारी गरेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बलियो बनाउन प्रदेशका अधिकार प्राप्तिका लागि नेपाल सरकारसँग यथाशीघ्र पहल गर्न प्रदेश सरकारलाई निर्देशन दिने संकल्प प्रस्ताव मधेश प्रदेशसभाले मंसिर २०८० मा सर्वसम्मत पारित गरेको थियो। त्यसअघि कात्तिक २३, २०८० मा मधेश प्रदेश सरकारले छ बुँदे ध्यानाकर्षण पत्र प्रधानमन्त्री पुष्पकमल दाहाललाई बुझाएको थियो। त्यस पत्रमा प्रदेश प्रहरी समायोजन र संघीय निजामती सेवा ऐन निर्माण छिटो गर्न, सार्वजनिक जग्गा र गुठी जग्गाको प्रयोग, अर्थ र अभियोजनसम्बन्धी अधिकार प्रदेश सरकारलाई दिन माग गरिएको थियो। ती माग ३० दिनभित्र पूरा नगरे शान्तिपूर्ण आन्दोलन गर्ने चेतावनी पनि दिइएको थियो। नेपाली काँग्रेस महोत्तरीका नेता बजरंग नेपालीका अनुसार मधेश प्रदेशलाई बलियो बनाउनका लागि मधेश आन्दोलन हाँकेका नेताले नै प्रदेश सरकारको नेतृत्व लिनुपर्ने थियो। उनी थप्छन्, "त्यस्तो भएमा प्रदेश सरकार सञ्चालनमा देखिएका विकृति केही हदसम्म नियन्त्रण हुन्थ्यो र संघीय सरकारलाई दबाब दिन पनि उनीहरूको नेतृत्व प्रभावकारी हुन्थ्यो। तर दोस्रो तहका नेतालाई अघि सारेकाले प्रदेश सरकार अपेक्षा गरेजति सफल हुन सकेको छैन।"[१३]

मधेश प्रदेशसभा तथा प्रदेश सरकार आफ्नो संवैधानिक अधिकार प्राप्तिका लागि कानूनी र शान्तिपूर्ण सङ्घर्ष गर्न तयार रहेको माथिका दृष्टान्तहरूले देखाउँछन्। अर्कातिर, संघ सरकारले अधिकार नदिएकाले प्रदेश सरकारले अनुभूति हुने गरी जनताको पक्षमा काम गर्न नसकेको सन्देश प्रवाह गर्न पनि तिनले खोजेका छन्। त्यसैले कानूनी उपचारका साथै संघलाई अनुरोध गर्ने र दबाब दिने काम पनि गरिरहेका छन्।

## ३. मधेश प्रदेशमा समावेशिता

राज्यका निकायमा विभिन्न जात जातिको समानुपातिक प्रतिनिधित्वलाई मधेशले प्रमुख मुद्दा बनाएको थियो। यसैअनुरूप प्रदेश सरकारले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवामा कानून नै बनाई समावेशिता सुनिश्चित गर्न खोजेको देखिन्छ। *मधेश प्रदेश निजामती सेवा ऐन, २०७७* मा प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुनेमध्ये ४९ प्रतिशत पद छुट्टाइएको छ। त्यसलाई १०० मानी मधेशी ५४ प्रतिशत, दलित १७ प्रतिशत, मुस्लिम १२ प्रतिशत, आदिवासी/जनजाति छ प्रतिशत, थारू पाँच प्रतिशत, विपन्न खस आर्य चार प्रतिशत र अपाङ्गता भएका व्यक्तिलाई दुई प्रतिशत आरक्षण छ।[१४] समावेशिताबारे यस्तै प्रकृतिको प्रावधान *प्रदेश प्रहरी ऐन, २०७५* मा पनि छ।[१५] दुवै ऐनमा सबै समूहमा महिलाको लागि ५० प्रतिशत व्यवस्था गरिएको छ। मधेश प्रदेश लोक सेवा आयोगबाट पूर्ति भएका पदहरूमा ऐनको व्यवस्थाबमोजिम आरक्षण लागू भइसकेको छ।

[१३] फागुन ३, २०८० मा गरिएको कुराकानी।

[१४] *मधेश प्रदेश निजामती सेवा ऐन, २०७७*, दफा ९, उपदफा ८।

[१५] *मधेश प्रदेश प्रहरी सेवा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५*, दफा ९, उपदफा ७।

त्यस्तै *दलित सशक्तीकरण ऐन, २०७६* मा जातीय विभेद तथा छुवाछूत घटनाको अध्ययन एवम् अनुगमन गर्न र कानूनको कार्यान्वयन गर्न प्रदेशस्तरमा मुख्यमन्त्रीको नेतृत्वमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति बनाउने व्यवस्था छ। यस्तो समिति स्थानीय तहमा पनि गठन गर्ने व्यवस्था कानूनमा छ। प्रदेश सरकारसँग दलित विद्यार्थीलाई प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनको लागि सहयोग गर्ने नीति पनि छ। सामाजिक विकास मन्त्रीको अध्यक्षतामा दलित विकास समिति गठन गर्ने प्रावधान पनि छ। यस समितिको उद्देश्य दलित समुदायको हक हितसम्बन्धी कार्यक्रम तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु हो। यीबाहेक प्रदेशले 'छोरी शैक्षिक बिमा', 'दलित छात्रवृत्ति' जस्ता योजना पनि लागु गरेको छ। प्रदेशका यी कामलाई प्रदेशसभा सदस्य र राजनीतिक दलका नेताले मधेश प्रदेशका निकाय समावेशी बनाउन प्रदेशले गरेको उपलब्धिमूलक काम भएको दावी गरेका थिए।[१६] अन्य प्रदेशभन्दा पहिले मधेश प्रदेशले यस्तो व्यवस्था गरेको भनी गर्व महसुस गरेका थिए।

उल्लिखित कानूनी व्यवस्थाको प्रभाव प्रदेशको निजामती र प्रहरी सेवामा देखिन केही वर्ष लाग्छ। अहिले भने प्रदेश सभा, स्थानीय तह, प्रदेश सरकार र मातहतका निकायमा मधेशी समुदायभित्रका जात-जातिको विविधता झल्किँदैन। विशेषगरी महिला, दलित, मुस्लिम र अन्य अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व उनीहरूको जनसङ्ख्याको अनुपातमा कम छ भने यादव र मधेशी उच्च जातको प्रतिनिधित्व बढी छ।[१७] यसले गर्दा संघीयताको फाइदा आम नागरिकसम्म पुग्न नसकेको महसुस हुन्छ। "संघीयताले परम्परागत उच्च जात, पहुँचवाला सम्भ्रान्तलाई फाइदा पुऱ्यायो, साधन स्रोतमा उनीहरूको पहुँच बढायो, तर दलित, मुस्लिम, आम महिला र अल्पसङ्ख्यक मधेशीको प्रतिनिधित्व र पहुँचमा खासै फरक पार्न सकेन," नेपाल मधेश फाउण्डेसनका कार्यकारी अधिकृत तुलानारायण साहले भने।[१८] यसले गर्दा पिछडिएका र अल्पसङ्ख्यक समुदायको राजनीतिक प्रतिनिधित्वमा मधेश प्रदेशले पर्याप्त ध्यान दिन नसकेको र सीमित वर्ग, वर्चस्वशाली व्यक्ति र पहुँचवाला समुदायले संघीयता कार्यान्वयनको 'फाइदा' लिएको तर्क अझै बलियो छ। संघीयता कार्यान्वयन तथा प्रदेश सरकार सञ्चालनको छ वर्षमा मधेश प्रदेशले यस्तो असमान प्रतिनिधित्वलाई समान बनाउन र अन्य प्रदेशभन्दा फरक काम देखाउन नसकेको नागरिक समाजका प्रतिनिधिको गुनासो छ।[१९]

जातीय तथा लैङ्गिक हिसाबले प्रदेश सरकार मन्त्रिपरिषद् पनि असमावेशी चरित्रको छ। पहिलो पाँच वर्षे कार्यकाल (२०७४–२०७९) को मोहम्मद लालबाबु राउत र दोस्रो कार्यकाल (२०७९–२०८४) को सरोजकुमार यादवको नेतृत्वको प्रदेश मन्त्रिपरिषद्मा हालसम्म दुई मुख्यमन्त्रीसहित कुल ३० मन्त्री (दोहरिएको समेत गरेर) बने। तर तिनमा प्रभावशाली समूह तथा

[१६] फागुन ४, २०८० मा गरिएको कुराकानी।

[१७] नेपाल मधेश फाउन्डेशन। २०७९। *मधेश प्रदेशको अवस्था विश्लेषण*। ललितपुर : नेपाल मधेश फाउण्डेशन।

[१८] फागुन १, २०८० मा गरिएको कुराकानी।

[१९] फागुन ४, २०८० मा पत्रकार महासंघ धनुषा जिल्ला उपाध्यक्ष अवधेश कामतसँग गरिएको कुराकानी।

यादव र साह जस्ता मधेशी उच्च जातको प्रतिनिधित्व बढी छ।[२०] पहिलो कार्यकालमा महिला, दलित र अन्य मधेशी तथा गैर-मधेशी अल्पसङ्ख्यक समूहको प्रतिनिधित्व निकै कम छ। प्रदेश मन्त्रिपरिषद्को बनोटमा मधेशको जनसङ्ख्याको अनुपात र समावेशितालाई पर्याप्त ध्यान दिएको देखिँदैन। तर समावेशिताको लागि मधेश प्रदेशले गरेका केही प्रयास भने सराहनीय देखिन्छ। माथि उल्लिखित कानूनी धरातललाई आधार मान्दा आगामी दिनमा यसतर्फ थप प्रगति हुने अपेक्षा गर्न सकिन्छ।

## ४. मधेश प्रदेशको उपलब्धि र चुनौती

मधेश प्रदेशको उपलब्धिका रूपमा पहिलो मधेश प्रदेशसभाबाट ४८ विधेयक पास भई प्रमाणीकरणसमेत भए। दोस्रो प्रदेशसभामा एक वर्षमा दर्ता भएका नौ विधेयकमध्ये तीनओटा पारित भएका छन्। मधेश आन्दोलनकै कारण संघीय शासन व्यवस्था सुनिश्चित भएकाले मधेश नै संघीयताको जननी भएको दावी मधेशका राजनीतिक नेतृत्व तथा नागरिक समाजका प्रतिनिधिको छ। प्रदेशलाई शासन एवं प्रशासनको दृष्टिले बलियो बनाउने र आन्दोलनको माग सम्बोधन गर्ने गरी कानून एवं नीति बनाउने हुटहुटी प्रदेश सरकारमा देखिन्छ। त्यसैले सात प्रदेशमध्ये मधेश प्रदेशले नै प्रदेश प्रहरी ऐन र प्रदेश अनुसन्धान ब्युरोसम्बन्धी ऐन पहिला निर्माण गरेको थियो। त्यस्तै प्रदेश लोकसेवा आयोग गठनसम्बन्धी ऐन, प्रदेश निजामती सेवा ऐन पनि प्रदेशले बनाएको छ। संघीय सरकारले प्रहरी कर्मचारी समायोजन ऐन कार्यान्वयन नगर्दा प्रदेश प्रहरी ऐन पनि लागु हुन सकेको छैन।

प्रदेश सरकारको काम कारवाहीलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनसहभागितामूलक बनाउनुका साथै प्रदेशबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन कायम गर्न *प्रदेश जनलोकपाल ऐन, २०७७* बनाइएको छ। प्रदेश सरकारले महत्त्वपूर्ण कानून निर्माण गरेका छन् तर ती कार्यान्वयन भएको देखिँदैन।

संघीय निजामती सेवा ऐनको ढिलाइले प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन बनाए पनि पूर्ण रूपमा कार्यान्वयन गर्न सकेको छैन। प्रदेशमा स्वीकृत दरबन्दीभन्दा ३० प्रतिशत कर्मचारी कम छन्।[२१] प्रदेश सरकारका मन्त्रालय तथा त्यसअन्तर्गतका निकायहरूमा तोकिएको दरबन्दीभन्दा आधा मात्र कर्मचारी कार्यरत रहेको बताउँदै प्रदेशसभा सदस्य रामसरोज यादवले प्रश्न गरे, "कर्मचारी अभाव भएपछि बजेट, कार्यक्रम तथा योजना कार्यान्वयन कसरी गर्ने ? अर्कोतर्फ संघबाट आएका कर्मचारी पनि दुईतीन महिनामा मुख्यमन्त्री र मन्त्रीलाई थाहा नदिई सरूवा गरिन्छ। कर्मचारी भनेको स्थायी सरकार हो। त्यो नै अस्थायी जस्तो भएपछि प्रदेश सरकारको काम कसरी अगाडि बढ्छ ?"[२२] मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले संघले आफूलाई थाहा नै नदिई आठ महिनामा तीन सचिव सरूवा गरेको बताए।[२३]

कर्मचारीको अभावका बाबजुद पनि प्रदेश सरकारले विकास निर्माणको कार्य अगाडि बढाएको दावी प्रदेशसभा सदस्यहरूले गरे। मधेश सरकारले गरेका मुख्य उपलब्धिमा ग्रामीण सडकको स्तरोन्नति, डिपबोरिङमार्फत सिँचाइको बन्दोबस्त, प्रदेश प्रयोगशालाको स्तर वृद्धि, ६४ निर्वाचन क्षेत्रमा पाँच किलोमिटरका दरले कालोपत्रे सडक निर्माण, ढलान सडक निर्माण, प्रदेश स्तरको तीन विश्वविद्यालय स्थापना, मधेश आन्दोलनका शहिद परिवारलाई रोजगारीको व्यवस्था आदि बताइयो।[२४] प्रदेशसभा सदस्य रानीकुमारी तिवारीका अनुसार भविष्यमा मधेशका गौरवको योजना निर्माण, सामाजिक रूपान्तरण, रोजगारी सिर्जना र मधेशको भूमिगत जलस्रोत बचाउने काम गर्नुपर्छ।[२५]

## ५. नागरिकको नजरमा मधेश प्रदेश सरकार

मधेश प्रदेश सरकारको काम कारवाहीबाट नागरिक आशा र निराशाको दोसाँधमा देखिन्छन्। निःसन्देह मधेश आन्दोलनले उनीहरूको आत्मविश्वास बलियो बनाएको छ। साथै राजनीतिक एवं सामाजिक क्षेत्रमा उनीहरूको सहभागिता बढेको छ। सिरहाका एक नागरिक भन्छन् "अहिले म मधेशी हुनुमा गौरव महसुस गर्छु। यो मधेश आन्दोलनकै देन हो। राज्यले मधेशीलाई दोस्रो दर्जाको नागरिकको रूपमा गरेको विभेद हाम्रो मनमा गहिरोसँग बसेको छ। मलाई जस्तै अरूलाई पनि त्यो पीडा छ। त्यसैले हामी सधैँ मधेशको अधिकारको पक्षमा नै उभिन्छौँ।"[२६]

प्रदेश सरकार स्थापनापश्चात् विकास निर्माणमा नागरिकको पहुँच बढेको प्रदेशसभा सदस्य तथा राजनीतिक दलका प्रतिनिधिले दावी गरे। मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले प्रदेश सरकारका मन्त्री तथा प्रदेशसभा सदस्यसँग नागरिकलाई आफ्नो समस्या राख्न सहज भएको बताए। उनले पहिला स-साना योजना माग्न पनि काठमाडौँ धाउनुपर्ने र पैसा धेरै खर्च हुने अनुभव सुनाए।[२७] अहिले ट्युववेल, सिँचाइका लागि बोरिङ, पोखरी र बाटाघाटाका योजनामा प्रगति भएको बताइयो। तर नागरिकको गुनासो भने फरक थियो। राज्यको स्रोतमा एउटा निश्चित वर्ग र राजनीतिक

[२०] साह, पुरन। २०७९। मधेश सरकार : भएन समावेशी ? माघ २४। https://www.himalayatv.com/2023/02/07/86981/ मा उपलब्ध; फागुन ११, २०८० मा हेरिएको

[२१] मिश्र, अनिल। २०८०। मधेश प्रदेशमा जहिल्यै कर्मचारी अभाव। साउन १३। https://kantipurtv.com/news/2023/07/29/1690639480.html मा उपलब्ध; फागुन १, २०८० मा हेरिएको।

[२२] फागुन ३, २०८० मा गरिएको कुराकानी।

[२३] कान्तिपुर। २०८०। मधेश सरकारले प्रधानमन्त्रीलाई बुझायो ६ बुँदे मागपत्र, कार्यान्वयन गर्न ३० दिने अल्टिमेटम। कात्तिक २३। https://ekantipur.com/news/2023/11/09/the-madhesh-government-submitted-a-6-point-demand-letter-to-the-prime-minister-a-30-day-ultimatum-to-implement-it-02-18.html मा उपलब्ध; फागुन १२, २०८० मा हेरिएको।

[२४] मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। २०७८। *मधेश प्रदेश सरकारको चार वर्षको प्रमुख उपलब्धि : २०७४ फागुन ३ गतेदेखि २०७८ फागुन ३ गतेसम्म*। जनकपुर : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश।

[२५] फागुन ३, २०८० मा गरिएको कुराकानी।

[२६] फागुन ५, २०८० मा गरिएको कुराकानी।

[२७] फागुन ३, २०८० मा गरिएको कुराकानी।

कार्यकर्ताको मात्र पहुँच भएको उनीहरूले बताए । "प्रदेश सरकार स्थापना भएपछि योजना सजिलै पाइएको त छ तर त्यससँगै एउटा निश्चित समूहको हालिमुहाली बढेको छ । प्रदेशको मन्त्रालय र निकायमा तिनीहरूकै भिडभाड देखिन्छ," नेपाली काँग्रेसका एक नेताले भने ।[२८]

नागरिकको अभिमत प्रदेशले प्रादेशिक पहिचान स्थापना गर्ने कार्यक्रम र योजना ल्याउनुपर्ने भन्ने छ । प्रदेश सरकारबाट पनि स-साना योजना नै आएकाले यसको महत्त्व नै स्थापित हुन सकेको छैन । प्रदेश सरकारको धेरैजसो बजेट प्रतिफल नआउने क्षेत्रमा खर्च भएको पनि बताइयो । प्रदेशसभा सदस्य तथा प्रदेश सरकारका पूर्व भौतिक पूर्वधार विकास मन्त्री रामसरोज यादव तथ्यांकको अभावमा प्रदेश सरकारले योजना प्राथमिकीकरण गर्न नसकेको स्वीकार्छन् ।[२९] प्रदेश सरकारले निकै उत्साहसाथ प्रचारबाजीसहित सञ्चालन गरेको 'मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ कार्यक्रम' अन्तर्गत सामुदायिक विद्यालयको कक्षा ८ देखि १० मा अध्ययनरत छात्राहरूलाई साइकल वितरण गर्ने कार्यक्रम पनि आर्थिक अनियमितताका कारण विवादमा आयो ।[३०] प्रदेश सरकारले गर्ने कार्यमा आर्थिक चलखेल हुने गरेको नागरिकले बताए । तर प्रदेशसभा सदस्य रामआशिष यादव भने कर्मचारीको अभावमा प्रदेशले विकास बजेट नै खर्च गर्न नसकेको अवस्थामा आर्थिक अनियमितता कसरी हुन्छ भन्ने प्रतिप्रश्न गर्छन् ।[३१] त्यस्तै जसपाका नेता भोला पासवान सञ्चार माध्यम र सामाजिक सञ्जालले प्रदेशमा भ्रष्टाचार बढ्यो भन्ने गलत भाष्य निर्माण गरेको दावी गर्छन् ।[३२]

२०७४ को प्रदेशसभा निर्वाचनको तुलनामा २०७९ को प्रदेशसभा निर्वाचनमा मधेश आन्दोलनको नेतृत्व गरेका एवं सत्ता सञ्चालन गरिराखेका मुख्य दल जसपा र लोसपाको प्रभाव घट्नुले नागरिकहरू उनीहरूप्रति असन्तुष्ट रहेको देखाउँछ । यद्यपि, एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाले मधेशी नागरिकलाई गरेको विभेद, वञ्चना र तिरष्कारको गहिरो पीडाको अनुभव छँदैछ । त्यसले गर्दा ती दलहरूप्रति असन्तुष्टि बढे पनि मधेशमा संघीय प्रणालीप्रति नै असन्तुष्टिको आयतन बढेको भने छैन । तर प्रदेश सरकारको कार्यले निरास भने पारिरहेकै छ । यो यथार्थ बुझेर प्रदेश सरकारको अनुभूति हुने गरी व्यापक सहभागितासहित विकास र सुशासन अघि बढाउन विलम्ब गर्नु हुँदैन ।

◆◆◆

[२८] फागुन ३, २०८० मा गरिएको कुराकानी ।

[२९] फागुन ४, २०८० मा गरिएको कुराकानी ।

[३०] महतो, शैलेन्द्र । २०८० । भ्रष्टाचारले अलपत्र पऱ्यो मधेश सरकारको लोकप्रिय कार्यक्रम । *अनलाइनखबर*, फागुन ३ । https://www.onlinekhabar.com/2024/02/1435005 मा उपलब्ध; फागुन १३, २०८० मा हेरिएको ।

[३१] फागुन ३, २०८० मा गरिएको कुराकानी ।

[३२] फागुन ८, २०८० मा गरिएको कुराकानी ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले आफ्ना अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल

कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६

info@democracyresource.org | https://www.democracyresource.org/